• बधुशिक्षा

आदिकवि

भानुभक्त आचार्य

बधुशिक्षा

आदिकवि

भानुभक्त आचार्यकृत

प्रस्तावना

एक थोक भन्छु न मान्नु दुःख हे मित्र तारापति ।
तिम्रा ई जति छन् जहानहरु ता जुझन्या रहया छन् अति ।।
सून्याँ दन्तबझान आज घरको कर्कर् गऱ्याको जसै ।
भर्रात् जाग्रान् झैँ भयो मकन ता लागेन आँखा कसै ।। १ ।।

धन् इज्जत् र घरबाट देख्छु बढिया छैनन् कुनै चीज् कमी ।
बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी ।।
साह्रै झोक उठ्यो मलाई र बधूशिक्षा बनाया पनी ।
यस्लै पत्नि, बुहारी, छोरीहरुको तालिम् गरौला भनी ।। २ ।।

हुन त म अतिथी हूँ यस् बिनूँ के छ खाँचो ।
तर पनि त म भन्छु मित्र हवौ जानि साँचो ।।
घर चतुरञि गर्छन् बुद्धिमान्ले अगाडि ।
बखत चुकि दिँदामा हुन्छ काहाँ पछाडि ।। ३ ।।

--- O ---

उपदेश

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरुन् ।
सो ईश्वर पति हुन् भनेर पछि त्यो भक्ति पतिमा धरुन् ।।
भक्तिले पति ईश्वरै भनि बुझुन् पाउ- तलैमा परुन् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडि सरुन् ।। १ ।।

झट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी ।
जस्तो पुग्दछ सोहि माफीक असल् धोती कटीमा धरी ।।
सासूका चरण विन्द युगमा पूजेर पाउ परुन् ।
मैले काम गरुँ क्या अह्राउनु हवस् यो ताही बिन्ती गरुन् ।। २ ।।

मान्छे छन् घरका सबै जति जना तिन्लाई ढोग् भेट् गरी ।
चाकरलाई अह्राउनु खुशी हुँदै मीठा वचन्ले गरी ।।
माटो पानी खराउ ओटन रुमाल् धोती दतीउन् धरी ।
स्नान् गर्न्या अखढा जहाँ छ तहीँ गै राखुन् तयारी गरी ।। ३ ।।

पूजाको सरजाम् गरुन् पति पूजा गर्छन् प्रभुको भनी ।
पूजामा खतडा कदापि नपरोस् कुनै कुराले पनी ।।
कस्तै अल्मलमा रहोस् घरमहाँ आया जगाया अलक् ।
जोगी जङ्गमले भन्या मुठी दिनू ढीलो नगर्नु पलक् ।। ४ ।।

घर्सब झारी बढारी नित्य त्यसले लिप्तै र पोत्तै रहोस् ।
चाकर् सब् थलिया गया कहीँ, भन्या आफैँ तयारी रहोस् ।।
स्वामीका चरणविन्द युगको भक्तिले पान गरुन् ।
निर्मल् देह गराउन कन ऊ जल् केही शरीरमा छरुन् ।। ५ ।।

जो इच्छा पतिको छ त्यो बुझि उसै माफिक् सबै काम गरुन् ।
जुन स्थान हो चिजको उही लगि उ चिज् राख्न्या स्वभाव् पो धरुन् ।।
स्त्रीको खालि निधार् कदापी नरहोस् खाली निधार् भै जति ।
गर्छन् कर्म फलै हुँदैन तिनका टीको लगाया जती ।। ६ ।।

तस्मात् नित्य टिका लगाई पहिले धन्धा पछाडी गरुन् ।
पूजाको सरजाम् तयार् गरि सकी भान्छा विषे मन् धरुन् ।।
भान्छाको सरजाम चाकर गरुन् भाँडा सफाई गरी ।
खाना चीज भण्डारमा पसि झिकुन् आफै अगाडी सरी ।। ७ ।।

रोगी बालक वृद्ध कोहि घरमा हुन्छन् तिनको पनि ।
धत् जानीकन तम्तयार चिज गरुन् खान्या छ यस्तो भनी ।।
यस्ता रीत् सित चीज् बनाइ बढिया सासू- ससुरा- पति ।
लाई ख्वाइ सकेर फेरि घरका खाउन् जहान् छन् जति ।। ८ ।।

ख्वाई प्याई सकेर सर्ब परिवार्ले खाइ सक्छन् जसै ।

चूल्हा चौकी लिपाइ जल्दी ति जुठा भाँडा मझाउन् तसै ।।
जो चीज बस्तु भन्डार देखि अघि जो झीकेर ल्याई थिइन् ।
सो सम्झेर तुरुन्त सोही थलमा ती बस्तु राखी दिउन् ।। ९ ।।

अल्सी दूर गरेर नारीहरुले थान्को र मान्को गरी ।
काम्धाम्मा परिवार लाएर विचार् गर्दै रहुन् दिन् भरी ।।
धागा बत्ति समेत काति टपरी दूना बोहोता पनी ।
सिन्का साफ चिरेर राखुन् अनि चाहिन्छ काममा भनी ।। १० ।।

पूजा ब्रतादिहरुका जति तीथि पर्दछन् ।
सम्झेर गर्नु नभुलीकन पाप हर्दछन् ।।
ठूलो ब्रतै त पनि सेवन गर्नलाई ।
क्यै छैन फेरि अरु निश्चय नारीलाई ।। ११ ।।

रोगी बालक वृद्ध सासू ससुरा जेठाजु देवर् पनि ।
फूपू सासू आमाजु नन्न जति छन् खान्छन् इ खाजा जति ।
सब्को हित् घत जानी नित्य दिनमा खाजा बनाई दिउन् ।
यस रीत्ले अति खुश् बनाई परिवार सब्लाई हात्मा लिउन् ।। १२ ।।

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुवैका पति ।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती ।।

यस्तो जानि नमानी केही मनमा मीलून् बहुतै गरी ।
टाल्टुल गर्नु फुट्यो टुट्यो घर भन्या सिप्लाई जाहेर गरी ।। १३ ।।

अर्काको घरमा नजानु कहिल्यै आफ्ना घरैमा बसी ।
जे हुनू सब चीज जती छ घरमा कूना र कानी पसी ।।
पर्छन् श्राद्ध दशै तिहार अरु चाइ चाहिन्छ तिन्मा जती ।
ती चिज् सम्झि अगाडी सङ्ग्रह गरोस् यस्मा नचूकोस् रती ।। १४ ।।

मान्या जन् कन मान्नु जान्नु घरको ठग्को ठगाई पनी ।
सब् सासूसित भन्न जानु उ गरुन् यस्को सजाई भनी ।।
यस्ता रीत् सित् सब् गरेर बशमा राखोस् सबैमा दया ।
तिन्को याद तुरुन्त गर्नु जन जो भोका र नाङ्गा भया ।। १५ ।।

पहुना जति आउँछन् घरमहाँ दर्जा छ तिन्को जति ।
सो जानेर उसै बमोजिम गरोस् मज्र्याद् न चूकोस् रति ।।
पाउन् पापी कठोर चोरहरुले सोही बमोजिम् जवाफ् ।
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा अमृत सरीको रवाफ् ।। १६ ।।

साँचो बोल्नु नबोल्नु बात कहिल्यै झुटो भन्याको रति ।
आखिर मर्नु छ पाउनू छ उति फल् यहाँ गर्‍याको जति ।
यस्तो ज्ञान् मनमा लिईकन रहुन् सासू ससुरा पति ।

जे भन्छन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गति ।। १७ ।।

भन्छन् शास्त्र पति र सासू ससुरा जेठाज्यू मान्नू भनी ।
भन्छन् ता पनि जो पति छ उसरी हुँदैन कोही पनि ।।
दृष्टान्तै पनि मिल्छ सासू ससुरा जेठाज्यू बित्ता सती ।
को जान्छन् पति पो बित्या पनि भन्या जानू छ सँगै सती ।। १८ ।।

हाँस्नू छैन कदापी नारीहरुले वेश्या हुने हाँस्तछन् ।
वेश्या लौ नहउन् तथापी घरको काम् ती सबै नास्तछन् ।।
एक्लै हाँस्नू हुँदैन कोही नभई अर्को सँगी भो जसै ।
हाँस्तैमा दिन जान्छ एही रितले सब् काम बित्छन् तसै ।। १९ ।।

मानिस्को त बताउँ क्या अब विचार पक्षी पशूको पनी ।
पाल्याको छ भन्या तुरुन्त बुझ्नू क्या आज खायो भनी ।।
जस्सै भो कसिङ्गर बढार्नु घर भर् काहीँ नराखोस् रती ।
स्त्रीले जान्नु विचार राखि मनमा एस्तो बताउँ कती ।। २० ।।

खान्या चीज् जति छन् सबै नजरले हेरेर ढाक्छोप् गरुन् ।
जो चीज हुन्छ सुकाउन्या तिनकनै ल्याएर घाम्मा धरुन् ।।
खान्या चीज कुहेर फाल्न नपरोस् दीनू कि खानू बरु ।
एती जान्नु अवश्य धेर् अब बखान् कुन् कुन् कुराको गरुँ ।। २१ ।।

खान्या चीज नहेरी केही नकुहुन् सब् पैह्रन्या चीज पनी ।
सप्पै याद रहोस् सदा मन महाँ यो चीज् छ यहाँ भनी ।।
चीज् ता छन् घरमा तथापी मनमा छैनन् त भै क्या भयो ।
आखिर् चीज् घरमा भई बखतको काम सब् बिती गयो ।। २२ ।।

जो चीज् छन् घरमा हिरा तल पिह्रा सब् चीज् मनैमा रहुन् ।
जो खोज्छन् पतिले उ चीज् उही बखत् ल्याएर चाँडो दिउन् ।।
खोज्दामा छन ता थियो तर कता राख्याँ हरायो भनी ।
भन्नू यो पति थ्यैँ पऱ्यो पनि भन्या मानोस् मरे झैँ अनी ।। २३ ।।

पूजाको सरजाम जति जति थोक् चाहिन्छ सो सब् गरी ।
साँझमा बत्ति जलाउनू अति ठूला पानस् विषे तेल् धरी ।।
खान्या चीज बनाइ खान दिनु जो खान्छन् परीवारले ।
जुन् चीज् राख्नु भँडार पर्छ नभुली सब् राखनु सम्भारले ।। २४ ।।

दिनदिन घरमा जो पाहुना बस्न आया ।
तिनकन नखुवाई आफूले क्यै नखाया ।।
गृहिणी भइ रह्याको यो ठूलो धर्म जान्नु ।
विहक सकि दियाको अन्न भन्या त ठान्नु ।। २५ ।।

काम्का खातिर जति चीज घर्का दिन्मा झिक्याका थिया ।
रात्रीमा त उ काम् हुँदैन सब चीज् थन्क्याइ राखी दिया ।।
सम्झी कत्ति न मानि अल्सी सब चीज् थन्क्याइ ताल्चा पनि ।
लाउन् चोर चकार डाँकुहरुले देख्नै नपाउन् भनी ।। २६ ।।

छिनी सकि सब धन्दा सासूको पाउ मिच्दी ।
उँघिकन बिखबर् भै पाउ मिच्दै त ढल्दी ।।
टहल गरी टहल्ने सासूलाई रिझाई ।
पतिसित तब जाओस् स्त्री टहल् गर्नलाई ।। २७ ।।

प्राणका नाथ पतिका अगाडी गइ जो फर्माउँछन् सो गरोस् ।
भन्छन् ल्यान तमाखु खान्छु भनि ता चाँडै तमासु भरोस् ।।
किस्मिस् दाख बदाम मिस्री नरिवल् जो चिज छ सो सो दिई ।
पाउ मिच्न तयार भै अघि सरोस् तेल्को कटौरा लिई ।। २८ ।।

आज्ञा माफिक पाउहरुमा मर्दन बहुतै गरी ।
पाउमा शिर राखि सब् तहीँ भनोस् जो काम गरी दिन् भरी ।।
यस्तो भो यसरी गऱ्याँ यति गऱ्याँ गर्न्या छु यो यो पनी ।
भन्न्या काम कुरो भनोस् पति पनी ई बात सुनुन् भनी ।। २९ ।।

जति गरि दिनमा काम् सो सबै विन्ती गर्दी ।

मधुर वचन बोल्दी स्वामिको चित्त हर्दी ।।
पतिकन यस रित्ले बातले खुस बनाओस् ।
जब त पति निधाउन् काखमा त्यो निधाओस् ।। ३० ।।

यति सब बधुशिक्षाका सिलोक् जो बनाऊँ ।
पढीलिनु सबले नारीको हित् जनाऊँ ।।
यही रितसित जो स्त्री नित्य सब् काम गर्छन् ।
उभयकुल सँगै ली ती सहज् पार तर्छन् ।। ३१ ।।

स्त्रीको धर्म पतिमती पनि मन्र्या बखतको गति ।
बाचुन्जेल सुख भोग पनि बुझी लिँदा को दिन्छ त्यसले जति ।।
स्त्रीको धर्म पति जती त अरुथोक देख्दैन मन्ले रति ।
यसलोकमा परलोकमा सुख दिन्या सो हेर जान्छ सती ।। ३२ ।।

स्त्रीको धर्म पतिव्रता अति ठूलो जो गर्छ भक्तिले ।
आफ्ना कुल सब तारी पितृहरुले कुल तार्छन् शक्तिले ।।
स्त्रीको जन्म भयो भन्या त पतिको सेवा छ साह्रै ठूलि।
जो सेवा त गरी अनेक् अरु गरोस् साँचो कुरामा भूली ।। ३३ ।।

---------- इति ----------